**क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको**
**दोस्रो वार्षिक साधारण सभाको**
**कामकारवाहीको विवरण**
**(माईन्युट)**

## १. बैधानिक सभा

क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेडको दोस्रो वार्षिक साधारणसभा कम्पनीका अध्यक्ष श्री ऋषि राज मोरज्यूको अध्यक्षतामा निम्न मिति, समय र स्थानमा बसी देहायका बिषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो।

## २. सभा भएको मिति, स्थान र समय

मिति : २०८२/०२/२३ गते शुक्रबार (तद्नुसार ६ जुन २०२५)
स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय, वीरेन्द्रनगर - ६, सुर्खेत।
समय : बिहान ११:०० बजे ।

## ३. सभाको सूचना प्रकाशन

कम्पनीको दोस्रो वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल गरिने प्रस्तावहरु समेत खुलाई कम्पनी ऐन, २०६३ को दफा ६७(२) तथा कम्पनीको नियमावलीको नियम १८(३) बमोजिमको साधारण सभाको सूचना सहित कम्पनी ऐन, २०६३ को दफा ८४(४), बीमा ऐन, २०७९ को दफा ८७(८) एवम् नेपाल बीमा प्राधिकरणबाट जारी बीमकको वित्तीय विवरण सम्बन्धी निर्देशिका, २०८० को दफा ९ बमोजिम आर्थिक वर्ष २०८०/०८१ को संक्षिप्त वार्षिक आर्थिक विवरण सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि २०८२ साल जेष्ठ १ गते र २०८२ साल जेष्ठ ११ गते क्रमशः नेपाल समाचारपत्र र आर्थिक अभियान राष्ट्रिय दैनिकमा प्रकाशित गरिएको थियो। साथै, सो सम्बन्धी सूचना तथा दोस्रो वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले कम्पनीमा उपलब्ध गराउनु भएको ठेगानामा पठाउनुका साथै कम्पनीको वेबसाइटमा समेत उपलब्ध गराइएको थियो।

## ४. सभामा उपस्थिती

४.१ *सञ्चालकहरु*

| | | |
|---|---|---|
| १. | श्री ऋषि राज मोर | अध्यक्ष |
| २. | श्रीमति मृदुला सरिया | सञ्चालक |
| ३. | श्री रोहित कारण बैद्य | सञ्चालक |
| ४. | श्री विदुर पुरी | सञ्चालक |
| ५. | श्री पवित्र लाल चुके | स्वतन्त्र सञ्चालक |

४.२ *पदाधिकारीहरु*

| | | |
|---|---|---|
| १. | श्री प्रताप मान श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री अभिजित के.सी. | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. | श्री मनोज पन्थी | प्रमुख वित्तीय अधिकृत / कम्पनी सचिव |

Crest Micro Life Insurance Ltd. Surkhet

४.३ *अन्य उपस्थिती*

१. श्री ईश्वर लाल श्रेष्ठ — अतिथि

२. श्रीमति सुनिता महर्जन — अतिथि

४.४ *शेयरधनीहरु*

| उपस्थितिको विवरण | उपस्थित संख्या | शेयर संख्या |
|---|---|---|
| शेयरधनी स्वयं | २० | ९०,६९० |
| प्रतिनिधि मार्फत | ४९ | ४०,२६,१५१ |
| **जम्मा** | ६९ | ४१,१६,८४१ |

**५. छलफलका विषयहरु**

**(क) साधारण प्रस्ताव**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
(प्रचलित ऐन नियम अनुसार लेखा परिक्षक श्री जे.एन. उपाध्याय एण्ड कम्पनी पुनः नियुक्तीको लागि योग्य हुनु हुन्छ।)

४) सर्बसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको नियुक्ति (निर्बाचन) गर्ने सम्बन्धमा।

**ख) विविध**

**६. सभाको बैधानिकता र सभाको अध्यक्षता**

६.१ कम्पनी ऐन तथा कम्पनीको नियमावली बमोजिम सभा बोलाईएको, कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम साधारण सभाको गणपुरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढि शेयरको प्रतिनिधित्व हुने गरि कम्तीमा ३ जना शेयरधनीको उपस्थिती हुनु पर्ने व्यवस्था भए अनुसार कम्पनीको वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिर जनाउने शेयरधनीहरुको संख्या २० जना भएको र प्रोक्सी मार्फत ४९ गरि कुल शेयरको ५४.८९ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभाको गणपुरक संख्या पुगेको र प्रचलित कानुन अनुसार दोस्रो वार्षिक साधारण सभा बैधानिक भएको सभालाई जानकारी गराईएको थियो।

Crest Micro Life Insurance Ltd. Surkhet

६.२ कम्पनी ऐन तथा कम्पनी नियमावलीमा व्यवस्था भए अनुसार सञ्चालक समितिका अध्यक्ष श्री ऋषि राज मोरज्यूले सभाको अध्यक्षता ग्रहण गर्दै बिहान ११:०० बजे कम्पनी सचिवलाई सभाको काम कारवाही अगाडी बढाउन निर्देशन दिनु भयो।

६.३ सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई कम्पनीका प्रमुख कार्यकारी अधिकृत श्री प्रताप मान श्रेष्ठले स्वागत गर्नु भई उहाँले कम्पनीको प्रगति, चुनौती र भविष्य योजनाबारे समग्र जानकारी गराउँदै सबै सरोकारवालाप्रति आभार व्यक्त गर्नु भयो । कम्पनीले छोटो समयमा लघु बीमा क्षेत्रमा अग्रणी भूमिका निभाउँदै आ.व. २०८०/८१ मा उल्लेखिय आम्दानी वृद्धि, रु. ९.७६ करोड बीमाशुल्क आर्जन, रु. १.२६ करोड मुनाफा, र लघु जीवन बीमकहरु मध्येको ५७.५१% बजार हिस्सा ओगट्ने सफल जस्ता उल्लेखनीय उपलब्धिहरु हासिल गरेको व्यहोरा प्रस्तुत गर्नु भयो । औसत ७ दिनमा नै दावी भुक्तानी, सन्तोषजनक लगानी प्रतिफल र जोखिम व्यवस्थापनमा सुधार हासिल गरेको कार्यानुभवलाई जोड दिदै आगामी दिनहरुमा कम्पनीले नयाँ बीमा योजनाहरु सञ्चालन गर्दै, डिजिटल रूपान्तरण, शाखा विस्तार, मानव स्रोत विकास तथा बीमा पहुँच विस्तारमा ध्यान केन्द्रित गर्ने योजना प्रस्तुत गर्नु भयो । साथै, बीमा प्रविधिको अभाव, सचेतनाको कमी र प्रतिस्पर्धी बजार जस्ता चुनौतीलाई सम्बोधन गर्दै रणनीतिक नीति निर्माण मार्फत दीगो विकासको बाटो अगाडि बढ्ने उल्लेख गर्दै आगामी वर्षमा बीमा मैत्री प्रविधि, ग्राहक सन्तुष्टि, कर्मचारी सशक्तीकरण र समावेशी नेतृत्वमा आधारित नवप्रवर्तनशील योजनाहरु मार्फत कम्पनीलाई अझ सशक्त बनाउने प्रतिबद्धता समेत व्यक्त गर्नु भयो।

## ७. सभा संचालन तथा वार्षिक प्रतिवेदन प्रस्तुती

कम्पनीको दोस्रो वार्षिक साधारण सभा सञ्चालन गर्ने क्रममा सभाका अध्यक्ष श्री ऋषि राज मोरज्यूले विषय सूची अनुसार सञ्चालक समितिको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु संक्षिप्त रुपमा प्रस्तुत गर्दै स्थापनाको उद्देश्य, हालसम्मको प्रगति, वित्तीय विवरण, चुनौतीहरू र भविष्यको दिशा स्पष्ट रूपमा प्रस्तुत गर्नु भयो । उहाँले शेयरधनी, कर्मचारी, अभिकर्ता, नियामक निकाय र अन्य सरोकारवालाहरूलाई आभार व्यक्त गर्दै, विशेषतः पिछडिएको क्षेत्र, न्यून आय भएका वर्ग र सिमान्तकृत समुदायसम्म बीमाको पहुँच विस्तार गर्ने कम्पनीको मूल ध्येय स्मरण गराउनुभयो।

कम्पनीले स्थापनाको सुरुवाती समयमानै उल्लेखनीय प्रगति गरेको व्यहोरा सभा समक्ष जानकारी गराउदै आर्थिक वर्ष २०८०/८१ मा रु. ८८ लाखभन्दा बढी बीमा दावी भुक्तानी गरिएको र सो मध्ये झण्डै ४७ लाख पुनर्बीमा मार्फत भुक्तानी प्राप्त गरिएको कुरा प्रस्ट्याउदै कम्पनीको दक्ष जोखिम व्यवस्थापन र पुनर्बीमा नीतिको प्रभावकारितालाई सभा समक्ष पेश गर्नु भयो।

चालु आ.व. २०८१/८२ को तेस्रो त्रैमाससम्ममा कम्पनीले रु. २०.३१ करोड (बैदेशिक रोजगारसहित रु. ३२.२१ करोड) बीमाशुल्क आर्जन गर्दै अघिल्लो वर्षको तुलनामा ३२२% वृद्धि गरेको जानकारी गराउदै यस अवधिमा १.५४ लाख सक्रिय बीमालेखहरू कायम रहेको जानकारी सभा समक्ष पेश गर्नु भयो जुन अघिल्लो वर्ष ५८,७५८ रहेको थियो । बीमा पहुँच विस्तारको प्रयासस्वरूप २३ शाखा तथा उपशाखा मार्फत सेवा दिइरहेका अवस्थामा कुल १३६८ जना अभिकर्ता कम्पनीसंग आबद्ध भई कार्यरत रहेको कुरालाई स्मरण गराउदै कम्पनीले डिजिटल प्रविधिमा निरन्तर लगानी गर्दै, पहुँच योग्य सेवा, प्रभावकारी र ग्राहकमैत्री बनाउन प्रयास जारी राखेको जानकारी गराउनु भयो।

Crest Micro Life Insurance Ltd. Surkhet

साथै, मानव स्रोत विकास, जवाफदेहिताको संस्कृति र संस्थागत सुशासनलाई संस्थागत गर्दै बीमा बजारमा दरिलो उपस्थिति कायम गर्न विविध रणनीति लागू गरिएको र आगामी दिनहरुमा अझ सशक्त एवंम् लक्षित वर्गहरुमा प्रभावकारी रुपमा पेश हुने बिश्वास व्यक्त गर्नु भयो।

अन्त्यमा, अध्यक्षज्यूले नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिस्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायत अन्य नियमनकारी निकायहरु, शेयर रजिस्ट्रार, शेयरधनी महानुभावहरु, सञ्चालक समितिका पदाधिकारीहरु, लेखा परिक्षक, बीमांकी, व्यवस्थापन समुह तथा कर्मचारीहरु, अभिकर्ता, बीमित र सबै सरोकारवाला वर्गहरु प्रति आभार प्रकट गर्दै, पारदर्शिता, उत्तरदायित्व र दीर्घकालीन दृष्टिकोणका साथ व्यवसाय विस्तार गर्दै जाने प्रतिबद्धता व्यक्त गर्नु भयो।

**८. शेयरधनीहरुबाट प्राप्त सुझाव र सो को जवाफ**

८.१ साधारण सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवबाट आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको दोस्रो वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण तथा अन्य बिषयहरु उपर आ-आफ्नो मन्तव्य सहित प्रश्न, जिज्ञासा, राय, प्रतिक्रिया एवम् सुझावका लागि शेयरधनी महानुभावहरुलाई आह्वान गर्नु भयो।

८.२ सभामा उपस्थित शेयरधनीहरुले स्थापनको छोटो समयमानै सर्बसाधारणको लागी छुट्टयाइएको ३०% बराबरको रु. २२ करोड ५० लाख शेयर निष्काशन गर्न सफल भई कुल पूंजी रु. ७५ करोड पुर्याउन सफल भएकोमा खुसी व्यक्त गर्दै धन्यवाद व्यक्त गर्नु भयो।

८.३ आगामी दिनहरुमा अझ नविनतम बीमालेखहरु निर्माण गर्दै शाखा विस्तार एबं बजारीकरणलाई अझ सशक्तीकरण गर्न भावी रणनितिहरु निर्माण गरी कार्यन्वयनमा ल्याउन सुझाव व्यक्त गर्नु भयो।

८.४ सभामा उपस्थित शेयरधनी महानुभावहरुले कम्पनीको वार्षिक प्रतिवेदन तथा लेखापरिक्षण विवरण समेतमा समर्थन जनाउनु भयो।

८.५ सभाका अध्यक्षज्यूले सभामा उपस्थित शेयरधनीहरुको समर्थनको स्वागत गर्दै आगामी दिनमा शेयरधनीहरुको सुझाव बमोजिम कम्पनीलाई अगाडी बढाउने र कम्पनीको प्रतिस्पर्धी क्षमता बिस्तार समेतमा योजनाका साथ कार्य गर्ने उल्लेख गर्नुभयो।

**९. सभाको निर्णय** :

साधारण सभामा पेश भएका प्रस्तावहरु उपर विस्तृत रुपमा छलफल भई देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

Crest Micro Life Insurance Ltd.
Surkhet

**(क) साधारण प्रस्ताव:**

१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०८०/०८१ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।

सञ्चालक समितिको प्रतिवेदन पारितको लागि सभा समक्ष अनुरोध गर्दा सभाबाट अध्यक्षज्यूको मन्तब्यको सहितको सञ्चालक समितिको आ.व. २०८०/०८१ को प्रतिवेदन सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

२) लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने सम्बन्धमा।

सभा समक्ष लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु माथि छलफल गरी पारित गर्ने प्रस्ताव पेश गर्दा सर्वसम्मत रुपमा सभाबाट लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०८०/०८१ को नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्बन्धी अनुसूचीहरु पारित गर्ने निर्णय गरियो।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लागि लेखापरीक्षकको नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

आ.व. २०८१/८२ को लागि बाह्य लेखापरिक्षकमा श्री जे.एन. उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ती गर्न सभा समक्ष प्रस्ताव पेश गर्दा कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम आ.व. २०८१/०८२ को लागि रु २,५०,०००।- (अक्षरुपी दूई लाख पचास हजार मात्र) (कर बाहेक) पारिश्रमिक सहित बाह्य लेखापरिक्षकमा श्री जे.एन. उपाध्याय एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ती गर्ने सर्वसम्मत निर्णय गरियो।

४) सर्बसाधारण शेयरधनीको प्रतिनिधित्व गर्ने २ जना सञ्चालकहरुको नियुक्ति (निर्बाचन) गर्ने सम्बन्धमा।

निर्वाचन समितिको कार्यालय, २०८२ को तर्फबाट सञ्चालक समितिमा समुह "ख" अन्तर्गत सर्वसाधारण शेयरधनीहरुको तर्फबाट २ जना सदस्य पदको लागि निर्वाचन गर्नु पर्नेमा २ वटा मात्रै उम्मेदवारी परेको कारण श्री ईश्वर लाल श्रेष्ठज्यू तथा श्री सुनिता महर्जनज्यू निर्विरोध रुपमा निर्वाचित हुन भएको निर्वाचन अधिकृतको तर्फबाट घोषणा गरियो।

**ख) विविध**

विविध विषयमा कुनै प्रस्ताव नभएकोले सो सम्बन्धमा छलफल आवश्यक नभएको सभा समक्ष अध्यक्षज्यूबाट जानकारी गराउनु भएको थियो।

Crest Micro Life Insurance Ltd.
Surkhet

**१०. धन्यवाद ज्ञापन तथा सभा बिसर्जन**

सभाध्यक्षज्यूबाट शेयरधनी महानुभावहरु दोस्रो वार्षिक साधारण सभामा उपस्थित हुनु भई आआफ्नो मन्तव्य सहित प्रश्न, जिज्ञासा, तथा सुझावहरु व्यक्त गरी साधारण सभा सम्पन्न गर्न सहयोग प्रयाउन भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, नियमनकारी निकाय श्री नेपाल बीमा प्राधिकरण, श्री कम्पनी रजिस्ट्रारको कार्यालय, श्री धितोपत्र बोर्ड, श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायत अन्य नियमनकारी निकायहरु, शेयर रजिस्ट्रार, व्यवस्थापन समुह तथा कर्मचारीहरु, तथा विभिन्न निकायका आमन्त्रित प्रतिनिधिहरु समेत उपस्थित महिला तथा सज्जनवृन्द सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस वार्षिक साधारण सभामा छलफल गरी पारित गर्नुपर्ने अन्य कुनै विषय बांकी नभएकोले सभाध्यक्षज्यूले सभा विसर्जन भएको घोषणा गर्नुभयो।

**मनोज पन्थ**
**कम्पनी सचिव**

Crest Micro Life Insurance Ltd.
Surkhet

**ऋषि राज मोर**
**अध्यक्ष**